"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

ललितपुर
Lalitpur
३ नं. प्रदेश, नेपाल
Province 3-, Nepal

मिति- २०७७।०१।०७

## महालक्ष्मी नगरपालिकाको सम्पूर्ण नगरबासीहरुमा अनुरोध

विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसको कारण नेपाल लगायत अधिकांश मुलुकहरु लकडाउनको स्थितिमा रहेको छ । कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण तथा रोकथामको उपायको रुपमा रहेको लकडाउनलाई पूर्ण रुपमा पालना गरि आ-आफ्नो घरमा बसिदिनु हुन सम्पूर्ण नगरबासीहरुमा महालक्ष्मी नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

लकडाउनका कारण भएको जटिल परिस्थितिमा महालक्ष्मी नगरपालिकाले आफ्नो क्षमताले भ्याएसम्म राहत वितरण तथा अन्य प्रयासहरु गरिरहेको छ । महालक्ष्मी नगर निवासी असहाय, असङ्गठित क्षेत्रमा कार्यरत विपन्न मजदुर वर्गहरु तथा अति विपन्नहरुले खानाको अभावमा भोकै बस्न नपरोस् भनि राहत वितरण गरिरहेको विदितै छ । यस नगरापालिका क्षेत्र भित्र कोही भोकै बस्नुपर्ने अवस्था आएमा सम्बन्धित वडा कार्यालयहरुमा समन्वय गरिदिनु हुन सम्बन्धित सबैमा अनुरोध गर्दछौं ।

लकडाउनको यस विषम परिस्थितिमा यस नगर क्षेत्र भित्र वसिरहनु भएका कोहि पनि नगर बाहिर नगईदिनहुन र महालक्ष्मी नगरपालिका निवासी कोहि बाहिर रहनु भएको भए सोही स्थानमा सुरक्षित रुपमा बसिदिनुहुन पनि अनुरोध गर्दछौं ।

यस सन्दर्भमा कुनै सहयोग, सूचना आवश्यक परेमा महालक्ष्मी नगरकार्यपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयहरुमा वा **टोल फ्रि नं ११८० र ११३१** मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np